# मालिका गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अर्वावाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


च.नं. ९५४६
प.सं.: २०८२/०८३

मिति २०८३/०३/३२
ने.स ११४६

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न तोकिएको ढांचामा सम्बन्धित बड़ा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था अनुसार मालिका गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले **२०८३ श्रावण १ देखि असौज मसान्त** भित्र अनिवार्य रुपमा आफ्नो वडा कार्यालयमा स्वयम् उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नुहुन सूचित गरिन्छ ।

### सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु:

- १३ (तेह) अंक सहितको लाभग्राही परिचयपत्र
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि र राष्ट्रिय परिचयपत्र नम्बरको प्रतिलिपि,
- सम्बन्धित बैङ्ठबाट जारी भएको चेकको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो दुई प्रति.
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि साथै संरक्षकको नागरिकताको प्रतिलिपि,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको ६० वर्ष माथीका महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि, अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलिपि,
- न्यायिक पृथकीकरण गरी बसेको महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
- विवाह नगरी बसेका ६० वर्ष माथिका महिलाको हकमा वडाको अविवाहित प्रमाणित प्रमाणपत्र ,
- अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि,

**नोट**: सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आ.व २०८२/०८३ को श्रावण १ गते देखि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गर्ने प्रावधान रहेको हुँदा सम्बन्धित लाभग्राहीहरुले अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र बनाई राष्ट्रिय परिचयपत्र नम्बरमा आधारित जैविक प्रमाणिकरण (Biometric Verification) मार्फत नविकरण गराउनु हुन अनुरोध छ। साथै बालबालिका, आफ्नो हेरचाह आफै गर्न सक्ने, अशक्त, असहाय वा ९० वर्ष माथिका जेष्ठ नागरिक हकमा राष्ट्रिय परिचयपत्र नभएता पनि लाभग्राहीको रुपमा सूचीकरण वा नविकरण गरिनेछ ।

**पुनश्चः** तोकिएको समयमा परिचयपत्र नवीकरणका लागि निवेदन पेश नभएमा सामाजिक सुरक्षा भत्ता वितरण **कार्यविधि २०७७ को नियम ४ को उपनियम ६** बमोजिम लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुन लाभग्राहीमा सुचिकृत हुन चाहेमा सामाजिक सुरक्षा **ऐन २०७५ को दफा १२** बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही अनुसार हुने व्यहोरा जानकारीका लागि अनुरोध छ ।थप जानकारीका लागि: सम्बन्धित वडा कार्यालय तथा मालिका गाउँपालिका (**सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाई**) मा सम्पर्क गर्न सक्नुहुनेछ ।

विवेक खनाल
प्रमुख प्रशासकीय अधिकृत